# घोराही गोलीकाण्ड

## मानवअधिकार अनुगमन प्रतिवेदन



*दाङ्ग जिल्लाको घोराहीमा २०६२ माघ २६ गते सुरक्षाकर्मीद्वारा*
*चलाइएको गोलीबाट उमेशचन्द्र थापाको मृत्यु भएको घटनासम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन*


**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**



**२०६२ माघ २८ गते, नेपालगञ्ज**

## Summary

Human Rights Treaty Monitoring Coordination Committee-HRTMCC has come to a conclusion that CPN (UML) cadre Umesh Chandra Thapa was killed by the security force using excessive force at Ghorahi, Dang on February 8, 2006. Nepali Congress cadre Krishna Giri sustained bullet injury at the same incident. The security force fired towards the peaceful demonstration organized by the agitating seven political parties in a bid to boycott the municipal polls. The incident came as the result of Home Minister Kamal Thapa's public order a day before the election to open fire on the demonstrators on the day of election. Security force shot at the peaceful demonstrators without prior notice. The fact finding mission of HRTMCC found that the security forces didn't give any kind of prior warning, such as blank firing, baton charging or arresting, before shooting. The incident is a gross violation of the constitution of The Kingdom of Nepal 1990, Local Administration Act 028 and the International Covenant of Civil and Political Rights.

HRTMC strongly demands to form an independent probe committee on the incident with the involvement of UN Office of the High Commissioner of Human Rights and to take action against the guilty. We demand that the state should provide the proper treatment for the injured and compensation for the victim's family.



**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**

**Secretariat: INSEC**


10 February 2006

**घटना सारांश**

गृहमन्त्री कमल थापाले नगर निर्वाचन जसरी भएपनि सम्पन्न गराइछाड्ने सन्दर्भमा २०६२ माघ २५ गते आयोजित पत्रकार सम्मेलनमार्फत निर्वाचन विथोल्न खोज्नेलाई गोली हान्ने लगायतको असीमित अधिकारको सार्वजनिक घोषणा गरेको भोलिपल्टै सुरक्षाफौजले बिना चेतावनी एक्कासी दाङ्गको घोराहीमा सात राजनीतिक दलद्वारा आयोजित शान्तिपूर्ण प्रदर्शनउपर गोली चलाउँदा २०६२ माघ २६ गते दिउँसो करिब १:०० बजे एकजनाको घटनास्थलमै मृत्यु भयो र अर्का एकजना गम्भीर घाइते भए ।

नगर निर्वाचनको विरोध गर्दै दाङ्गको घोराहीमा सात दलले शान्तिपूर्ण प्रदर्शन गरिरहेका थिए । यसैक्रममा मध्याह्न १२:०० बजे घोराहीको कटरबुटाबाट शान्तिपूर्ण जुलुस निकालिएको थियो । सो जुलुस हस्पीटल रोड, गणेश मन्दिर रोड, पुरानो रोड, दामोदर चोकहुदैं तुल्सीपुर चोक पुग्नै लागेको बेला प्रहरी निरीक्षकको नेतृत्वमा आएको  भ्यानले जुलुसलाई रोक्ने प्रयास गऱ्यो । केही बेर दुई पक्षबीच तनाव शृजना भएको थियो । सोहीक्रममा सुरक्षाकर्मीले निर्ममतापूर्वक बन्दुकको नाल र लाठीले अन्धाधुन्ध प्रहार गरी ११ जना नेता–कार्यकर्तालाई घाइते तुल्याए ।

सो झडपपछि तितरबितर भएका नेता कार्यकर्ताहरूले दिउँसो करिब १२: ३० बजे जिविस चोकमा पुगी पुनः कोणसभा सुरु गरे । तितरवितर भएको समूहमध्ये करिब २० –२५ जना सम्मिलित प्रदर्शनकारीहरू सुपर लज रोडतर्फ लागे । यसैबीच ट्रक र जिपमा आएको संयुक्त सुरक्षा बलले एक्कासी गोली प्रहार गऱ्यो । सुरक्षाफौजले झण्डै ५०–६० राउण्ड गोली सो स्थानमा अन्धाधुन्ध प्रहार गरेको कुरा प्रत्यक्षदर्शीबाट बुझिन आयो । सोही क्रममा हिड्दै गरेका नेकपा एमाले कार्यकर्ता उमेशचन्द थापाको गोली लागी घटनास्थलमै मृत्यु भयो । साथै सुरक्षाकर्मीको गोलीबाट नेपाली काँग्रेसका क्षेत्रीय प्रतिनिधि दाङ्ग जिल्लाको धर्ना गाविसका ५५ वर्षीय कृष्ण गिरी घाइते भए । घाइते गिरीको छाति र खुट्टामा गोली लागेको पाइयो । घटनाको लगत्तै करिब १० मिनेटमा सुरक्षाकर्मीहरूले घटनास्थलबाट मृतक र घाइतेलाई उठाएर आफ्नै गाडीमा राखी महेन्द्र अस्पताल पुऱ्याएको बुझियो । घटनास्थलमा छरिएका गोलीका खोकाहरू सुरक्षाकर्मीहरूले उठाएर लगेको पाइयो । सुरक्षाकर्मीहरूको गोलीबाट सर्वसाधरणका घरहरूमा समेत क्षति पुगेको देखिन्छ ।

सोही दिन साँझ जिल्ला प्रशासन कार्यालय दाङ्गले एक विज्ञप्ति मार्फत शान्ति सुरक्षाको स्थितिलाई सुदृढ तुल्याउने कार्यमा खटिएको संयुक्त सुरक्षाफौज र निर्वाचन विफल तुल्याउन निस्केको जुलुसबीच मुठभेडको स्थिति सृजना हुन गई स्थिति नियन्त्रण गर्ने क्रममा संयुक्त सुरक्षाफौजले प्रतिकार स्वरूप चलाएको गोलीबाट निज थापाको निधन भएको जनायो ।

घटनाको पृष्ठभूमी लगायत प्रत्यक्षदर्शीहरू, घाइते, स्थानीय प्रशासन तथा सरोकारवालाहरूसगँको भेटघाट, सम्वाद र सूचनाका आधारमा यस घटनामा सुरक्षाफौजले बल प्रयोग गर्नु पर्ने कुनैपनि आधारहरू विद्यमान रहेको पाइएन । सुरक्षाफौजले दिन दहाडै घनावस्ती भएको स्थानमा सात दलका प्रदर्शनकारीहरू झण्डासहित स्पष्ट पहिचान हुने गरी शान्तिपूर्ण ढंगले सडकमा संयमसाथ अगाडि बढिरहेको अवस्थामा कुनै पूर्वचेतावनीबिना नै अन्धाधुन्ध तथा ताकेरसमेत गोली प्रहार गरेको पाइयो । तसर्थ उक्त घटनामा सुरक्षाफौजबाट स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६, नेपाल अधिराज्यको सविंधान २०४७ ले प्रत्याभुत गरेको मौलिक अधिकार एवम नेपाल राज्य पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध–१९६६ को ठाडो उल्लंघन भएको मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको ठहर छ ।

गृहमन्त्री कमल थापाले संयुक्त सुरक्षा बललाई शान्तिपूर्ण प्रदर्शनउपर "अन्तिम बल" प्रयोग गर्ने असीमित अधिकार प्रत्यायोजन गरेपछि सुरक्षा निकायमा उन्माद र उद्दण्डता बढी सो घटना हुन गएको स्पष्ट देखिन्छ । सो घटनाका सम्बन्धमा नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधिसमेत सम्मिलित एक उच्चस्तरीय, स्वतन्त्र एवं निष्पक्ष न्यायिक छानबिन आयोग गठन गरी सम्पूर्ण दोषीहरूउपर कानुनी कारवाही गर्न अनुगमन टोली माग गर्दछ ।

सुरक्षा बलको गोलीबाट मारिएका उमेश थापाको परिवारलाई उचित क्षतिपुर्ति उपलब्ध गराउन र घाइतेहरूको सम्पूर्ण उपचार खर्च व्यहोर्न तथा पीडितहरूलाई उचित क्षतिपुर्ति प्रदान गर्न हामी राज्यसँग जोडदार माग गर्दछौ ।

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

०६२ माघ २८ गते , नेपालगञ्ज

## पृष्ठभूमि

सरकारद्वारा घोषित नगरनिर्वाचन  शान्तिपूर्ण रूपमा सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै सोही अनुरूप दाङ्गको घोराहीमा २०६२ माघ २६ गते आयोजित प्रदर्शनमा सुरक्षाफौजद्वारा ज्यादती भएपछि तितरबितर भई सुपरलज रोडमा पुगेको प्रदर्शनकारीहरूको सानो समूहलाई सुरक्षाबलले अप्रत्याशित रूपमा रोकी एक्कासी अन्धाधुन्ध गोली चलाएर एकजनाको हत्या गऱ्यो भने अन्य एकजनालाई घाइते तुल्यायो । उक्त घटनाको जानकारी प्राप्त भएपछि मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोली घटनाको सत्यतथ्य बुझ्न घटनास्थलमा मिति २०६२ माघ २८ गते पुगी सम्बन्धित सबैपक्षसँग भेटघाट गर्ने एवं घटनाको स्थलगत अध्ययन गर्ने कार्य सम्पन्न भएको थियो ।

## अध्ययनको उद्देश्य

१. घटनाको स्थलगत अध्ययन गर्ने ।
२. घटनाको सत्यतथ्यसहितको प्रतिवेदन तयार गर्ने ।

## अध्ययन पद्धति

१. घटनास्थलको अवलोकन गर्ने ।
२. घटनाका प्रत्यक्षदर्शी, घाइते र घटनास्थल वरपरका मानिसहरूसँग घटनाका सम्बन्धमा बुझ्ने ।
३. घटनाका सम्बन्धमा सुरक्षा निकाय तथा स्थानीय प्रशासनसँग भेट गरी जानकारी लिने ।

## अध्ययन टोली

१. सुबोधराज प्याकुरेल, अध्यक्ष, इन्सेक
२. डा.गोपालकृष्ण सिवाकोटी, हिमराइटस लाइफलाइन –इन्हुरेड
३. शोभाकर बुढाथोकी, मानवअधिकार जोगाऔं आन्दोलन- नेपाल
४. शोभा गौतम, इह्रीकोन, नेपाल
५. भोला महत, क्षेत्रीय संयोजक, इन्सेक, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्ज
६. मधु पन्थी, अभिलेख अधिकृत, इन्सेक, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्ज
७. राजेश निरौला, नेपाल बार एसोसिएसन मानवअधिकार परियोजना
८. वसन्त गौतम, अभिलेख अधिकृत, एडभोकेसी फोरम
९. विमलकुमार अधिकारी, इन्सेक जिल्ला प्रतिनिधि, दाङ्ग

## घटनाको संक्षिप्त विवरण

**घटना मितिः** २०६२ माघ २६ गते
**घटना समयः** दिउँसो करिब १ बजे
**घटनास्थलः** दाङ्ग जिल्लाको घोराहीस्थित सूपरलज रोड
**गोली काण्ड पीडितः** उमेश थापा र कृष्ण गिरी
**ज्यादती पीडितः** आन्दोलनरत दलका नेता तथा कार्यकर्ताहरू /सर्वसाधारणहरू
**पीडकः** राज्य पक्ष / सुरक्षाकर्मीहरू

मृतकको विवरण
तालिका- १

| क.स. | नाम | ठेगाना | आबद्धता | लिङ्ग | घटनाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | उमेश थापा | प्युठान जिल्ला | नेकपा (एमाले) | पुरुष | गोलीबाट मृत्यु | स्वर्गद्वारी प्रेसका मालिक |

घाइतेको विवरणः
तालिका- २

| क.स. | नाम | ठेगाना | आबद्धता | लिङ्ग | घटनाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **कृष्ण गिरी** | **धर्ना गाविस, दाङ्ग** | **नेका, क्षेत्रीय प्रतिनिधि** | **पुरुष** | **गोलीबाट घाइते** | **छाती र खुट्टामा गोली** |
| २ | सुषमा घिमिरे | त्रिभुवननगर नपा, दाङ्ग | अनेमसंघ, केन्द्रीय सदस्य | महिला | लाठी र बन्दुकको कुन्दाबाट घाइते | |
| ३ | शालिकराम भण्डारी | त्रिभुवननगर नपा, दाङ्ग | एमाले, केन्द्रीय सल्लाकार | पुरुष | " " | |
| ४ | रिमा नेपाली | रोल्पा जिल्ला | एमाले, अञ्चल कमिटी | पुरुष | " " | |
| ५ | जीतेन्द्र नेपाली | त्रिभुवननगर नपा, दाङ्ग | वामपन्थी नेता | पुरुष | | |
| ६ | देवी पोखरेल | एमाले | | | " " | |
| ७ | सरस्वती गौतम | सोनपुर गाविस, दाङ्ग | एमाले, जिल्ला कमिटी | पुरुष | " " | |
| ८ | अम्बीका प्रोखरेल | बिजौरी गाविस,दाङ्ग | अनेमसंघ, जिल्ला कमिटी | महिला | " " | |
| ९ | बमबहादुर डिसि | त्रिभुवननगर नपा, दाङ्ग | नेका, केन्द्रीय ट्रेड युनियन | पुरुष | " " | |
| १० | जिल्ला शाह | सौडीयार गाविस, दाङ्ग | एमाले, जिल्ला कमिटी | पुरुष | " " | |
| ११ | दिलीप पोखरेल | नखुलेको | नेका | पुरुष | " " | |
| १२ | मानबहादुर बाठा | रोल्पा जिल्ला | एमाले, जिल्ला कमिटी रोल्पा | पुरुष | " " | |

### घटना विवरण

नगर निर्वाचनको विरोध गर्दै दाङ्गको घोराहीमा सात दलले शान्तिपूर्ण प्रदर्शन गरिरहेका थिए । यसैक्रममा मध्याह्न १२:०० बजे घोराहीको कटरबुटाबाट शान्तिपूर्ण जुलुस निकालिएको थियो । सो जुलुस अस्पताल रोड, गणेश मन्दिर रोड, पुरानो रोड, दामोदर चोक हुँदै तुल्सीपुर चोक पुग्ने बेला प्रहरी निरीक्षक दीपक पोखेलको नेतृत्वमा आएको सुरक्षाबलको भ्यानले जुलुसलाई रोक्ने प्रयास गरेपछि दुई पक्षबीच केही बेर तनाव भएको थियो । सोहीक्रममा सुरक्षाकर्मीले निर्ममतापूर्वक बन्दुकको नाल र लाठीले अन्धाधुन्ध प्रहार गरी ११ जना नेता–कार्यकर्ताहरूलाई घाइते तुल्याए । सो घटनामा पुरुष सुरक्षाकर्मीले महिला प्रदर्शनकारीहरूलाई अमानवीय तरिकाले कपालमा लुछेर लछारपछार गर्दै बुट समेतले हिर्काएर घाइते तुल्याए ।

उक्त झडपपछि तितरबितर भएका नेता-कार्यकर्ताहरूले मध्याह्न करिब साडे बाह्र बजे जिविस चोकमा पुगी पुनः कोणसभा सुरु गरे । तितरबितर भएको समूहका करिब २०–२५ जना सम्मिलित प्रदर्शनकारीहरू सुपरलज रोडतर्फ लागे । यसैबीच ट्रक र जिपमा आएको संयुक्त सुरक्षा बलले एक्कासी गोली प्रहार गऱ्यो । सुरक्षाफौजले झण्डै ५०–६० राउण्ड गोली सो स्थानमा अन्धाधुन्ध प्रहार गरेको कुरा प्रत्यक्षदर्शीबाट बुझिन



घटनास्थल

आयो । सोही क्रममा हिँड्दै गरेका नेकपा (एमाले) कार्यकर्ता उमेशचन्द्र थापाको सुरक्षाकर्मीको गोलीबाट घटनास्थलमै मृत्यु भयो भने नेपाली कांग्रेसका क्षेत्रीय प्रतिनिधि दाङ्ग जिल्लाको धर्ना गाविसका ५५ वर्षीय कृष्ण गिरी घाइते भए । घाइते गिरीको छाति र खुट्टामा गोली लागेको पाइयो । घटनाको लगत्तै करिब १० मिनेटमा सुरक्षाकर्मीहरूले घटनास्थलबाट मृतक र घाइतेलाई उठाएर आफ्नै गाडीमा राखी महेन्द्र अस्पताल पुऱ्याएको बुझियो । घटनास्थलमा छरिएका गोलीका खोकाहरू सुरक्षाकर्मीहरूले उठाएर लगेको बताइएको छ । सुरक्षाकर्मीहरूको गोलीबाट सर्वसाधारणका घरहरूमा समेत क्षति पुगेको पाइयो ।

सोही दिन साँझ जिल्ला प्रशासन कार्यालय दाङ्गले एक विज्ञप्ति मार्फत शान्ति सुरक्षाको स्थितिलाई सुदृढ तुल्याउने कार्यमा खटिएको संयुक्त सुरक्षाफौज र निर्वाचन विफल तुल्याउन निस्केको जुलुसबीच मुठभेडको स्थिति सृजना हुन गई स्थिति नियन्त्रण गर्ने क्रममा संयुक्त सुरक्षाफौजले प्रतिकार स्वरूप चलाएको गोलीबाट निज थापाको निधन भएको जनायो । साथै रक्षा मन्त्रालयले वडा नं. १० अन्तर्गत बालमन्दिर मतदान केन्द्रमा निर्वाचन बिथोल्ने उद्देश्यले करिब १ सय ५० जनाको संख्यामा उत्तेजित नारा लगाउँदै सुरक्षाकर्मीमाथि गोली प्रहार गरेपछिको कारबाहीमा दुईजना घाइते भएको र एकजनाको उपचारका क्रममा मृत्यु भएको तथा अर्का एकजना सैनिकपनि घटनामा घाइते भएको जनायो । घटना भएको लामो समयसम्मपनि मृतकका आफन्तलाई सेनाले लाश बुझाएनन् । मृतकका परिवारलाई लाश कहाँ छ भन्ने बारे सेनाबाट अबेलासम्म जानकारी दिइएन ।

**घटनाका सम्बन्धमा प्रत्यक्षदर्शी तथा स्थानीयबासीहरूको भनाइ**

**टोपाराम पौडेल, ३७, नेपाल टेलिकम**

घटना करिब दिनको १.०० बजेतिर भएको थियो । घटनास्थल अगाडिको घरमा बसिरहेको अवस्थामा महिला प्रशिक्षण केन्द्र अगाडि सुरक्षाकर्मी चढेका दुईवटा गाडी आएपछि शान्तिपूर्ण प्रदर्शनका सहभागीहरू बाटो छोडेर छेउ लागे । एक्कासी गोली चलेको आवाज सुनियो । गोली चलेको हेर्दा कोही पनि नबाँच्नु पर्थ्यो । गाडीमा रहेका सुरक्षाकर्मीहरू सबैले गोली चलाएका थिए । गोली करिब एक मिनेट जति चल्यो । त्यसपछि मलाई घाइतेमध्ये एकजनाले इसारा गरेर बोलाए । तर मलाई त्यहाँ जान डर लाग्यो । केही समय पछि प्रहरी आइपुगे । गोली सुरक्षाकर्मीको गाडीबाट चलेको थियो । गोली चलाइसकेपछि मात्र सुरक्षाकर्मीहरू गाडीबाट ओर्लेका थिए ।



प्रत्यक्षदर्शीहरूसँग घटनाकाबारेमा जानकारी लिदै स्थलगत अध्ययनटोली

**रमेश कुमार पाण्डे, ३१, ने. वि. संघ जिल्ला कार्यसमिति सदस्य** (त्रि.न.पा.- ११ का निवासी, **प्रदर्शनका सहभागी**)

सात राजनीतिक दलहरूको कार्यक्रम अनुसार चुनाव बहिष्कारको क्रममा ट्राफिक चोकबाट जुलुस निकालेर गणेश मन्दिर हुँदै तुलसीपुर चोकमा गएर आमसभा गर्ने उद्देश्य रहेको थियो, जस्को वरिपरि मतदान केन्द्र थिएन । सभा गर्न रोक लगाई लाठीचार्ज गरेका कारण धेरै प्रदर्शनकारीहरू घाइते भए । हामी त्यहाँबाट भागेर सानो गल्लीबाट निस्केर निकालेको जुलुसमा पाँच-सात जना युवा साथीहरू अगाडि र पाँच-सात जना पाका व्यक्तिहरू पछाडि थिए । सडक विभागको एउटा रातो पिकअप र सैनिकको ठूलो गाडी आयो । उनीहरूमध्ये युनिफाइड कमाण्डको युनिफर्ममा रहेका प्रहरी निरीक्षकले नारा नलगाउने आदेश दिए र हामी बाटाको छेउतिर लाग्यौं । हामीलाई एकजना सुरक्षाकर्मीले बोलाए । तर त्यहाँ पुग्न नपाउँदै पछाडिको ट्रकबाट “ठोक सालेहरूलाई” भन्ने आवाज आयो र तुरुन्तै गोली चल्न थालिहाल्यो । मेरो छेउमा रहनुभएका उपेन्द्र खड्का, ध्रुव आचार्य र म नजिकैको घरमा लुक्न पस्यौं । मचाहिँ पर्खालबाट नाघेर तरकारी बारीमा पसेँ, त्यहाँ पनि गोली आइरहेको थियो । नीलकाँडाको बार नाघेर चौधरीको घरमा पसेँ र बाँच्न सफल भएँ । पर्खाल नाघ्ने क्रममा मेरो हात काटिएको छ । सुरक्षाकर्मीका गाडीमा रहेका युनिफाइड कमाण्डका कमाण्डरले आदेश दिएको र गोली आन्दोलनकारीमाथि लक्षित गरेर स्वचालित बन्दुकबाट चलाइएको थियो ।

**विष्णु लामिछाने, स्व.वि.यु. सभापति, महेन्द्र बहुमुखी क्याम्पस,** (त्रि.न.पा.- ३ निवासी)

प्रकृति फर्निचरबाट सुपर लज रोडमा निस्केर जुलुस निकाल्यौं । गिरफ्तारी नदिने नीति भएकोले हामी बाटाको छेउ लाग्यौं । हामीले नारा लगाएको भएपनि पछाडि आउने साथीहरू केवल ताली बजाएर मात्र समर्थन गरिरहनुभएको थियो । हामीले चार-पाँचपटक मात्र के नारा लगाएका थियौं, सेनाको गाडी आइहाल्यो । युनिफाइड कमाण्डमा रहेका एकजना सुरक्षाकर्मीले नजिक बोलाई "तपाईहरूले किन बबाल गरेको, आखिर चुनाव त भइनैहाल्यो" के मात्र भनेका थिए, सुरक्षाकर्मी रहेको अर्को ट्रक आइहाल्यो । तत्कालै "ठोक् सालेहरूलाई" भनेको सुनिनासाथ अन्धाधुन्ध गोली वर्षिहाल्यो । म राजेन्द्र श्रेष्ठको तरकारी बारी हुँदै चौधरीको घरको छतमा गएर बसेँ । मैले ज्याकेट छोडेर चौधरीको घरबाट निक्लन खोज्दा उनले मानेनन् । त्यसपछि म स्वर्गद्वारी एफ.एम.को स्टेसनमा पुगेँ, तर म त्रसित अवस्थामा रहेको कारण केही बोल्न सकिनँ । त्यसरात साथीको घरमा गएर सुतेँ र भोलीपल्ट मात्र अन्य साथीहरूको सम्पर्कमा आएको थिएँ ।



घटनामा गोलीलागी घाईतेभएका नेपाल कांग्रेसका कृष्ण गिरी भेरी अंचल अस्पतालमा नेपालगंजमा उपचार गराउदै

**भक्तबहादुर गैरे, ४०, (तुलसीपुर घर भई त्रि.न.पा.-११ मा बस्ने)**

मेरो घरका सबै परिवार आज के होला भनी च्यानल गेट नजिक आएर बाहिरतर्फ हेरिरहेका थिए । मलाई खुल्दुली लागेकोले बाहिर-भित्र गरिरहेको थिएँ । त्यसक्रममा म गेटभित्र पस्नासाथ गोली चल्यो । मेरो विचारमा ७०-८० राउण्ड हानेको जस्तो लाग्छ । घरका अन्य सदस्यहरू डराएर भित्र लागेका थिए भने मचाहिँ निस्केर हेर्न थालेँ । सेनाको ट्रकमा बस्ने युनिफाइड कमाण्डको युनिफर्ममा रहेका प्रहरी निरीक्षक दीपक पोखेल थिए । मैले "किन गोली चलायौ ?" भन्दा जवाफमा "केटाहरू नारा लगाउँदै आएकाले गोली चलाएको" भने । मैले "नारा लगाउँदैमा गोली चलाउन पाइन्छ !" भनेँ । त्यत्तिकैमा चार-पाँचजना सुरक्षाकर्मीहरूले भूइँमा लडिरहेकामध्ये एकजनालाई फुत्त ट्रकमा फाले । तर एकजना घाइतेलाई भने दुईजना सुरक्षाकर्मीले राम्रोसँग राखेका थिए । अर्कालाई सडक विभागको गाडीमा लिएर पछाडिको बाटोबाट भागेर गए । प्रहरी निरीक्षक पोखेल परिचित भए पनि घटनापछि मतिर नहेरिकन गए । तीन-चारजनाले हवाइ फायर गरेजस्तो लाग्यो । तर केहीले प्रदर्शनकारी विद्यार्थीमाथि समेत सुरक्षाकर्मीले ताकेर गोली प्रहार गरेका थिए । गोली प्रहार पश्चात् सुरक्षाकर्मीको उक्त टोली जिल्ला प्रहरी कार्यालय गएको र प्रहरीको अर्को टोली घटनास्थलमा आएको थियो । सो टोलीका प्रहरी निरीक्षकले मलाई "दोहोरो गोली चलेको हो ?" भनी सोधेकोमा मैले होइन भनी जवाफ दिएँ । प्रहरी निरीक्षक दीपक पोखेललाई गोली लागेको छैन । यो कपोलकल्पित मात्र हो ।

**ध्रुव आचार्य, ने.वि.संघ (प्रजातान्त्रिक), जिल्ला कमिटीका कोषाध्यक्ष, (उरहरि गा.वि.स-९ नवलपुर निवासी)**

सुपर लज रोडमा नारा लगाइरहेका थियौँ । सेनाको गाडी देखेपछि डराएर कुना लाग्यौँ । १४-१५ जना मध्ये आठ-१० जना भागिसकेका थिए, हामी चार-पाँच जना बाँकी रहेका थियौँ । नजिकैको घरमा लुक्न गएको समयमा गोली मेरो टाउकामाथिबाट गयो । कुनै कुरा नगरी ठोक् भनेको सुनेँ र गोली चलेको आवाज आयो ।

**दामोदर अधिकारी, ५२, ने.क.पा. (एमाले) नगर कमिटि इन्चार्ज**

दामोदर चोकबाट दक्षिण लाग्यौँ । म पछाडि थिएँ । एकजना अपरिचित मान्छे केही साथीहरूलाई इंगित गरेको देखेँ । हामी भाग्यौं । म नेपाली कांग्रेसका जिल्ला सभापति वीरकेशरी गौतमसँग उत्तरतिर लागेँ । त्यहाँ कोणसभा गर्ने प्रयास गरयौं । सोही समयमा उत्तरतिरबाट सेनाको रातो गाडी आयो । मैले ठोक् भनेको सुनेँ । तत्कालै सेनाको रातो गाडी पछाडितर्फ सऱ्यो । सेनाको अर्को ट्रक अगाडितर्फ बढ्यो । भिंड युगबोध पत्रिकाको कार्यालयतिर लाग्यो । हामीले बाहिर निस्केर हेर्दा त्यहाँबाट हामीले दुईजना घाइते लडिरहेको देख्यौं । गोली स्वचालित हतियारबाट चलेको हुनुपर्दछ र सुनियोजित रूपमा प्रहार गरिएको थियो।

**कृष्णप्रसाद सुवेदी, ४७, औषधी व्यवसायी**

मेरो साथमा वासुदेव जंगली हुनुहुन्थ्यो । पहिलो फायर अगाडिको समूहलाई लक्षित गरेको थियो । हवाइ फायर हुन्छ भन्ने ठानी हामी पहिले भागेनौं । पछाडि फर्केर सेनाले गोली चलाउन थालेपछि हामी भाग्यौं । जमीनमा गोली वर्षेर धुलो उडेको देखिन्थ्यो । छेउछाउका घरका भित्ताहरूमा पनि गोली लागेको थियो । हामी फलामका किला भएको पर्खाल नाघी भाग्न सफल भयौं । उमेशजीलाई गोली लागेको मैले देखेको थिएँ । हाम्रो वीचमा उहाँलाई उठाउन जाने कुरा पनि भयो । तर उठाउन जाँदा फेरि अरु पनि मरिएला भन्ने डरले हामी गएनौं । उमेशजीलाई गोली दाया खुटामा लागेजस्तो लाग्छ ।

**गणेश शाह, ५६, ने.क.पा. (एमाले) का कार्यकर्ता, (त्रि.न.पा. १० शिवमन्दीर टोल निवासी)**

सुपरलज नजिक पुग्दा साथीहरूले नारा लगाउन सुरु गरे । हामी के कसो गर्ने भनी छलफल गरिरहेका थियौं । यत्तिकैमा सेनाका गाडीहरू आए । सेनाको गाडीभित्रबाट ठोक् भनेको आवाज आयो र उनीहरूले गोली पूर्व र दक्षिणतर्फबाट चलाए । गाडीले छेकेकोले गर्दा सबै घटना देख्न सकिएन । हामीलाई सबै मरेजस्तो लागेको थियो । हामीतर्फ पनि गोली चलाएकोले मर्ने आशंकामा भाग्न थाल्यौं । मेरो दायां बायां रहेका उमेशजी र कृष्णजी गोली लागी ढलेपछि दौडन हात खुट्टा नलागेपछि म पनि हतास भएर ढलेँ । सबैले गोली मलाई लागेको भन्ने ठानेका थिए । म चार पाउ टेकेर त्यहाँबाट भाग्न सफल भएँ । पर्खाल नाघ्न सकिनँ । पर्खालको आडैआड गएर झ्याङ्गतिरबाट भागेँ र अलिक टाढा गएर हेरेँ । उहाँहरू ढलिरहनुभएको थियो । उमेशजीलाई कोखामा गोली लागेको हुनुपर्छ । सेनाको गाडी फर्किसकेको थियो । अहिले रक्षा मन्त्रालयको झुठो विज्ञप्ति सुन्दा अत्यन्त दुःख लागेको छ ।

**शरद बस्नेत, ने.वि.संघ जिल्ला सचिव**

निर्वाचन बहिष्कार गरौं भन्ने ब्यानर लिएर महिलाहरू तुलसीपुर चोकमा कोणसभा गर्ने उद्देश्यका साथ अग्रपंक्तिमा थिए । सुरक्षाकर्मीहरूले महिलाहरूमाथि अभद्र व्यवहार गरे । लछार पछार समेत पारे । ब्यानर तानातान भयो । कमाण्डरबाट सीटी फुकेको आवाज आयो र पुरुष सुरक्षाकर्मीहरूले महिलाहरूमाथि निर्मम रूपमा लाठीले कुटपीट गरे । त्यहाँबाट बच्न सफल भएपछि सुपर लज रोडतिर लाग्यौं । त्यत्तिकैमा करिब १२.३० बजेतिर सेनाको गाडी आएपछि हामी साइड लाग्यौं । यत्तिकैमा "ठोक् सालेहरूलाइ" भन्ने आवाज आयो र तत्काल गोली चल्न थालेपछि हामी त्यहाँबाट भाग्यौं ।

**ताराप्रसाद श्रेष्ठ, त्रि.न.पा.- ११, व्यापारी**

घटनास्थल भन्दा म करिब १५ मीटर जति टाढा थिएँ । एउटा सेनाको गाडी आयो । गाडीमा एकजना उम्मेदवार पनि थिए । उक्त समयमा बाटोमा केटाकेटीहरू क्रिकेट खेलिरहेका थिए । सेनाको गाडी आएपछि उनीहरू बाटाबाट हटे । प्रदर्शनकारीहरूले पनि सेनालाई बाटो छाडिदिए । सेनाको गाडी रोकियो र "ठोक् सालेहरूलाई" भन्ने सुनियो । हांडीमा मकै पड्केको जस्तो आवाज आयो । तीनजना ढले । म जान सकिंन र दोकानतर्फ लागेँ । चारजना सुरक्षाकर्मीले दुईजना घाइते व्यक्तिलाई झुण्ड्याएर गाडीमा हाले । प्रदर्शनकारीहरूले पहिला सुरक्षाकर्मीमाथि जाइलागेको भन्ने रक्षा मन्त्रालयको भनाइ सरासर झुठो हो ।

**सुदीप गौतम, सञ्चारकमी तथा सल्लाहकार, मानव अधिकार तथा शान्ति समाज**

माघ १७ गते महिला ऱ्यालीमा महिलाको अत्यधिक सहभागिता र १८ गतेको युवाहरूको मोटरसाइकल ऱ्यालीमा अत्यधिक सहभागिता भएपछि दलका कार्यक्रमहरू रोक लगाउने कुरा सुरक्षाकर्मीबाट भएको थियो । पापडको जुलुसमा पनि हस्तक्षेप गरी पापड वाहेकका अन्य सहभागीहरूलाई पक्राउ गरेका थिए । त्यसदिन पनि जुलुस बाल मन्दिरबाट तुलसीपुर चोकमा आएपछि सुरक्षाकर्मीले रोकेका थिए । माघ २६ गते सुरक्षाकर्मीहरूले जहां रोक्छन् त्यहीँ कोणसभा गर्ने कार्यक्रम बनाएका थिए । तुलसीपुर चोकमा जुलुस आएपछि सुरक्षाकर्मीहरूले रोके र लाठी चार्ज गरे । म त्यहीँ बसेर हेरिरहेको थिएँ । गोली चल्नु अगाडि सुरक्षाकर्मीहरूले घरको छतमा बसिरहेका ६४ वर्षसम्मका महिलाहरूमाथि समेत ढुंगा प्रहार गरेँ । पर्यवेक्षकको हैसियतले मैले ढुंगा नहान्न आग्रह गरेपछि स्वयं आफूलाई मार्ने धम्की दिए । त्यस बीचमा प्रहरी निरीक्षकले भने आफ्ना जवानहरूलाई जथाभावी नगर्न अह्राएका थिए । तर सुरक्षाफौज कमाण्ड भन्दा बाहिर गएको देखिन्थ्यो । गोली चलेपश्चात् म विपुल पोखेल र कृष्ण गिरीको छोरा सैनिक ब्यारेकमा गएको र नाम नखुलेका मेजरले ६ बजे टेलिफोन खुलेपछि भेट्न सकिने बताएपनि घाइते गिरीलाई भेट्न नदिई उपचारका लागि सेनाले हेलिकप्टरबाट नेपालगञ्ज पठाइएको थियो ।

**भगवती आचार्य, ३२, त्रि.न.पा.- ११, सुपरलज रोड**

उमेशजीले मलाई चुनाव बहिष्कारका केही पर्चा दिनुभयो । घटनास्थल नजिक १०-१५ जना प्रदर्शनकारीको समूह आयो । त्यत्तिकैमा सेनाका गाडीहरू आए । अगाडि रहेको गाडीमा सुरक्षा गस्तीमा रहेका सुरक्षाकर्मीहरू र त्रिभुवननगर नगरपालिकाका रा.प्र.पा. (थापा) का मेयरका उम्मेदवार बसेका थिए । उनका पछाडि सेनाको अर्को गाडी आयो । हामी जुलुस हेर्न जान लागेका थियौं । सेनाको गाडी देखेपछि प्रदर्शनकारीहरू त्यहीँ रोकिए र चौरतर्फ लागे । सेनाको गाडीबाट कसैले "ठोक सालेहरूलाइ" भनेको

सुनियो । त्यसपछि अन्धाधुन्ध गोली वर्षिन थाल्यो । उमेशजी मेरो नजिकै लड्नुभयो । म ज्यान जोगाउन घिस्रिएर बाथरुमतिर लागें । मेरो बाथरुमको पर्खालमा समेत गोली वर्षिन थाल्यो । मेरी छोरी घर बाहिर घटनास्थल नजिकै खेलिरहेकोले उनको खोजीमा ज्यानको पर्वाह नगरी बाहिर निस्कें । त्यत्तिकैमा सेनाले एउटा मरिसक्यो र अर्को जीउँदै छ भनेको सुनें । यो अत्याचार हो । मलाईसमेत सुरक्षा फौजले विभिन्न बहानामा घर खान तलासी गरी पटक-पटक हैरान पार्ने गर्छन् ।

**शारदा शर्मा, केन्द्रीय सदस्य, मानव अधिकार सञ्चार प्रतिष्ठान**

मतदान केन्द्रमा आक्रमण गर्न प्रदर्शनकारीहरू आएको भन्ने भुठा हो । मेरो घर बाल मन्दिर मतदान केन्द्र नजिकै रहेको छ । उक्त केन्द्रमा जुलुसको आवाजसम्म पनि आएको छैन ।

**शिवशंकर देवकोटा, क्षेत्रीय सदस्य, नेपाली कांग्रेस दाङ्ग क्षेत्र नं. २, (मृतक उमेशचन्द्र थापाका छिमेकी)**

निर्वाचनका दिन सक्रिय बहिष्कारको कार्यक्रम भएकोले कार्यक्रममा जाने नजाने सम्बन्धमा उमेशजीसँग छलफल गरेको थिएँ । जाने निर्णय भएपछि बाबा होटेलबाट अगाडि बढ्दै म उमेशजीसँगै तुलसीपुर चोकतर्फ आएँ । अन्धाधुन्ध लाठी प्रहारका कारण महिला नेतृहरू अम्बिका पोखेल, सुषमा घिमिरे, अनिता देवकोटा आदिलाई पुरुष प्रहरीले निर्ममतापूर्वक लाठी र बन्दुकको कुन्दाले पिटेका थिए । गोली हान्नुपर्ने अवस्था कदापि थिएन । अन्धाधुन्ध गोली प्रहार पश्चात् सुरक्षाकर्मीले घटनास्थलमा प्रमाण मेटाई गोलीका खोकाहरू समेत उठाएर लगे । छिमेकी भएका कारण पनि उमेशजीलाई राम्ररी चिन्दछु र उहाँ अत्यन्त भद्र स्वभावको व्यक्ति हुनुहुन्थ्यो ।

**सुषमा शर्मा घिमिरे, केन्द्रीय आन्दोलन परिचालन कमिटी सदस्य, ने.क.पा. (एमाले)**

प्रदर्शनका क्रममा तुलसीपुर चोकमा आइपुगेपछि सुरक्षाकर्मीहरूले हाम्रो व्यानर मागेपनि हाम्रा पछाडि जनताका सागर भएकाले जनताको चिनो उक्त व्यानर दिन नसक्ने जवाफ दिएं । “अस्ति भाषण गर्ने यही हो” भन्दै मलाई यहाँ बोल्नै असजिलो हुने खालका तथानाम अपशब्द प्रयोग गर्दै पुरुष सुरक्षाकर्मीहरूले लछार पछार गरेका थिए । मेरो टाउको भुईमा बजारियो तर साथीहरूको सहयोगले म सुरक्षाकर्मीबाट उम्कन सफल भएँ । त्यसपछि सुपर लज चोकमा पक्डेर कपाल समातेर भूईंमा लडाए र मैले प्रतिवाद गर्न सकिनँ । सुरक्षाकर्मीहरूले मलाई बन्दुकको कुन्दा लगायत लाठीले निर्ममतापूर्व कुटपिट गरेका थिए । कुटपिटका कारण टाउको, तल्लो पेट र कम्मरको तल्लो भाग सुन्निएको छ । यसरी कुटपिटमा पर्नेहरूमा पुष्पा श्रेष्ठ, रिमा नेपाली, सरस्वती गौतम, लीला शाह, अनिता देवकोटा, अम्बिका पोखेल लगायतका हुनुहुन्छ ।

*(यसै प्रकारको अभिव्यक्ति नेपाली कांग्रेस महासमिति सदस्य तथा नेपाल महिला संघकी केन्द्रीयसदस्य अनिता देवकोटा र ने.क.पा. (एमाले) का देवी पोखेल तथा लीला शाह समेतले दिनुभएको थियो ।)*

**माया जी.सी., मृतककी भाञ्जी**

गोली प्रहारबाट मामा मारिएको सुनेपछि म आत्तिँदै अस्पतालमा उहाँको अनुहार हेर्न पुगे पनि सुरक्षाकर्मीले दिएनन् । मेरो श्रीमान्ले एकजना प्रहरीमार्फत मामाको काठमाण्डौंको घरमा फोन गर्न गरेको अनुरोध गर्दा

फोन नम्बर टिपे पनि फोन गरेनछन् । लास पनि हेर्न दिइएन । सोही दिन हेलिकप्टरमा राखेर काठमाण्डौं लगेको जानकारी प्रहरीले दिएको थियो । मामाको अन्तिम मुहार हेर्ने मेरो धोको अधुरै रह्यो ।

**लब्ली थापा, मृतकका आफन्त**

उमेश थापा मरेको थाहा पाएपछि अस्पतालमा लास हेर्न गएँ । तर प्रहरीले अस्पतालभित्र गरेपछि प्रहरीले खाली कागजमा सहीछाप गरी लास बुझेपछि मात्र अनुहार हेर्न पाउने जवाफ दिएका थिए । साथै सुरक्षाकर्मीहरूले लास बुझेर दाह संस्कार गर्न भनेका थिए ।

**प्रतापकुमार पाठक, प्रमुख जिल्ला अधिकारी, दाङ्ग**

गृहमन्त्रीज्यूको माघ २५ गतेको सुरक्षाकर्मीलाई असीमित अधिकार प्रदान गरिएको भनाइले अन्यौल एवं अस्पष्टता अनुभव भएको छ । नगर निर्वाचन सम्पन्न गराउने सिलसिलामा सुरक्षाकर्मीहरूलाई अत्यधिक कार्यबोझका कारण उनीहरूमाथि चर्को मानसिक तथा शारिरीक दवाव परिरहेको परिस्थिती विद्यमान छ । उदाहरणका लागि माघ २६ गते खटिएको टोलीलाई अघिल्लो रातदेखि नै निरन्तर गस्तीमा खटाइएको थियो । निर्वाचन शान्ति सुरक्षाको मात्र विषय नभई मूलभुत रूपमा राजनीतिक प्रक्रिया भएकोले यस जिल्लाको प्रशासन तथा सुरक्षा निकायको तर्फबाट हामीले सम्बन्धित माथिल्लो निकायमा सोही बमोजिमको व्यहोरा समेत जाहेर गरेका थियौं ।




स्थलगत अध्ययनटोली दाङ्ग जिल्ला प्रशासनकार्यालयमा

निर्वाचनका दृष्टिकोणले तुलनात्मक रूपमा सुरक्षित ठानिएको स्थानमा गोली चलेको आवाज हामी बसेको ठाउँसम्म सुनिएको थियो । केही समयपछि सुरक्षाको निम्ति खटिएका युनिफाइड कमाण्डका प्रहरी निरीक्षक दीपक पोखेलले उनको बुढी औलाको टुप्पामा समेत गोली लागेको जानकारी गराएका थिए । सोही क्रममा सुरक्षाका लागि गोली चलाउँदा एकजना व्यक्तिको मृत्यु भएको तथा अर्को व्यक्ति घाइते भई अस्पताल लगिएको पनि जानकारी दिएका थिए । मृतकको शवलाई निजको परिवार समक्ष बुझाउन हेलिकप्टरबाट काठमाण्डौं लैजाने क्रममा मौसमको प्रतिकुलताका कारण पोखरामा अवतरण गरि भोलीपल्ट मात्र काठमाण्डौं पुरयाउन सकिएको हो । घाइतेलाई तत्काल हेलिकप्टरमा उपचारार्थ नेपालगञ्ज पठाइएको थियो । यस दु:खद घटनाको सन्दर्भमा निष्पक्ष छानबिन गरी जनतालाई आश्वस्त बनाउनु जरुरी छ । यस घटनाले स्थानीय मात्र नभई राष्ट्रिय स्वरूप ग्रहण गरिसकेको अवस्था विद्यमान छ ।

**घनश्याम भट्ट, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, दाङ्ग**
यस घटनामा धेरै निकायहरू छानबिनमा संलग्न भइसकेका छन् । यो एउटा अत्यन्त संवेदनशील घटना हो। यसर्थ जनतालाई आश्वस्त पार्ने खालको छानबिन होस् र हामी पनि त्यहीं चाहन्छौं । मानव अधिकारवादीहरूले पनि यसलाई छानबिन गरिरहनुभएको कुरामा मेरा आपत्ती छैन । यो घटनामा मलाई जे रिपोर्टिङ भयो । त्यसैको आधारमा म बोलिरहेको छु । प्रहरी निरीक्षक दीपक पाखेलले मलाई जानकारी गराए अनुसार उनले प्रदर्शनकारीलाई आफ्ना दुवै हात उठाई रोकिन आग्रह गर्दा कतैबाट उनको बुढी औलाको टुप्पामा लाग्नेगरी गोली चल्यो र सुरक्षाकर्मीले प्रतिकार स्वरूप गोली चलाएका हुन् । त्यसैक्रममा ज्यानमालको नोक्सानी हुन गयो । कस्तो अवस्थामा गोली चल्यो, गोली चलाउने सुरक्षाकर्मीहरू कहां र कस्तो अवस्थामा थिए, रिपोर्ट गर्ने प्रहरी निरीक्षक कुन अवस्थामा थिए भन्ने कुराको तपाईहरूको प्रश्न महत्वपूर्ण छ । यी सबैको हकमा स्वतन्त्र र भरपर्दो छानबिन होस् भन्ने म पनि चाहन्छु । प्रहरी निरीक्षकलाई ३.५२ एम.एम. को गोली लागेको कुरा अस्पतालबाट जारी प्रतिवेदनमा उल्लेख छ ।

**निष्कर्ष :**
घोराही गोलीकाण्डको पृष्ठभूमिको अनुगमनले सो घटना अप्रत्याशित घटना नभई नगर निर्वाचन बिथोल्न खोज्ने जो कोहीलाई दमन गर्ने वर्तमान सरकारको नीतिको प्रतिफल भएको देखाएको छ । गोलीकाण्ड केही दिनपूर्व त्यस क्षेत्रमा सात राजनीतिक दलहरूबाट आयोजना गरिएका कार्यक्रमहरूमा जनसहभागिता अत्यधिक हुनु, नगर निर्वाचन बहिष्कार सशक्त देखिनु, दुई दिनसम्म त्यस क्षेत्रको टेलिफोन लाइन विच्छेद गरिनु, शान्तिपूर्ण प्रदर्शनमा संलग्न व्यक्तिहरूउपर ज्यादतीपूर्ण रूपमा अत्यधिक शक्ति प्रयोग गरिनुले यो गोलीकाण्ड सुनियोजित भएको स्पष्ट देखिन्छ ।

प्रमुख जिल्ला अधिकारी तथा प्रहरी उपरीक्षकको अभिव्यक्ति अनुसार गृहमन्त्री कमल थापाले माघ २५ गते पत्रकार सम्मेलन मार्फत निर्वाचन विथोल्न खोज्नेलाई गोली हान्ने लगायतको असीमित अधिकार उद्घोष गरिंदा एकातिर सुरक्षा निकाय अनावश्यक दवाव र अन्यौलमा परेको पाइएको छ भने अर्कोतिर निर्वाचन विरोधी कुनै पनि कार्यक्रमलाई जसरी भएपनि दमन गर्नुपर्ने माथिको आदेश पालना गर्ने क्रममा गोली चलाउने सम्मको कार्य भएको खुलासा हुन आएको छ ।

गोली काण्ड भएको घटनास्थल सबै भन्दा नजिक रहेको मतदान केन्द्र (बालमन्दिर) बाट झण्डै एक किलोमिटर टाढा रहेको, निषेधित क्षेत्र नभएको, कर्फयु आदेश जारी नभएको तथा २०-२५ जनाको शान्तिपूर्ण प्रदर्शनमा संलग्न वरिष्ठ नागरिकको समूहमाथि विना पूर्व जनाउ अनायशै गाडीभित्रबाट स्वचालित बन्दुकबाट सुरक्षाकर्मीहरूले अन्धाधुन्ध गोली चलाई ज्यान मार्ने कार्य गरेको पाइएको छ । गोली चलाउने क्रममा पर्खाल, तरकारी बारी, घरका भित्ताहरू, पसलका शटर, ट्वाइलेट, बोट विरुवा लगायत सतहदेखि दुइतल्लामाथिसम्म घरका भित्ताहरू छेडिनेगरी जथाभावी गोली वर्षाइएको देखिएको छ ।

मूल सडकबाट करिब ३ सय मीटर टाढा रहेको घना मानव आवादी क्षेत्रमा केटाकेटीहरू समेत चौरमा खेलिरहेको समयमा मध्य दिनमा शाखा सडकबाट समेत करीव ५० फीट टाढा हटिसकेका निहत्था व्यक्ति उमेश थापा र त्यति नै दूरीमा रहेका कृष्ण गिरीलाई मेयरका उम्मेदवार बलभद्र राना समेत चढेको सुरक्षाकर्मीको गाडीभित्रैबाट ताकेरसमेत गोली हान्नुले यो घटना आन्दोलनरत सात राजनीतिक दलका कार्यकर्ताहरूलाई हत्या गर्ने योजनाबद्ध घटना भएको बुझिएको छ ।

सो घटनाका क्रममा संयुक्त सुरक्षा बलका कमाण्डरको हैसियतमा खटिएका भनिएका प्रहरी निरीक्षक दीपक पोखेलको भनाइलाई उद्धृत गर्दै प्रहरी प्रशासनद्वारा "प्रदर्शनकारीहरूलाई प्रदर्शन रोक्न हात उठाएको बेला अचानक कसैले गोली हानी बुढी औलाको टुप्पोमा लागेकोले फायरिङ गर्नुपरेको" भन्ने भनाइको कहिँ कतैबाट पुष्टी हुन सकेन । निज प्रहरी निरीक्षकले गोली हान्ने आदेश दिई एकजना प्रदर्शनकारीको मृत्यु र

अन्य एकजना घाइते भइसकेपछि निज स्वयंले दुवैजनालाई अस्पताल पुर्‍याएको सबै प्रत्यक्षदर्शीहरूको भनाइ छ । निज प्रहरी निरीक्षक अस्पतालमा घाइते छोडी केही समय पछि पुनः अस्पताल फर्केर ड्रेसींङ रुममा चुकुल लगाई अहेव जनक चपाईसँग करिब १५-२० मिनेट बिताएर औंलामा ब्याण्डेज बाँधी वाहिर निस्कंदा "मलाई पनि आतंककारीले गोली हाने नी" भन्ने अभिव्यक्ति दिन थालेपछि त्यहाँ उपस्थित अन्य घाइते आन्दोलनकारी महिलाहरूले निज प्रहरी निरीक्षकको सरासर बनावटी भनाइको प्रतिवाद गरेपछि उनी कुनै प्रतिक्रिया नदिई अस्पताल परिसरबाट छोडी हिँडेको भन्ने सम्पूर्ण प्रत्यक्षदर्शीहरूको भनाइ छ । घटनाको पृष्ठभूमि र प्रकृतिको अनुगमन गर्दा निज प्रहरी निरीक्षक पोखेलले आफ्नो औंलामा कसैले गोली हानेको भन्ने भनाइ पुष्टी गर्ने कुनै पनि पत्यारिलो आधार पाइएन । यस सम्बन्धमा प्रहरी निरीक्षक दिपक पोखरेलसगँ सम्पर्क गर्दा सो टोलीमा शाही नेपाली सेनाका सह–सेनानी (मेजर) समेत रहेको र आफूले गोली हान्ने आदेश भने  नदिएको बताएका छन् । घटनास्थलमा निज प्रहरी निरीक्षकलाई प्रदर्शनकारीहरूले गोली चलाएको भन्ने विषयमा सम्बन्धित अधिकारीहरूले समेत निज प्रहरी निरीक्षकको भनाइको समर्थनमा स्पष्ट अडान लिएको पाइएन । समग्रमा प्रहरी निरीक्षकलाई गोली लागेको भन्ने विषयमा सम्बन्धीत पक्षबाट विरोधाभाषपूर्ण सूचनाहरू प्रवाह गरिएको पाइयो ।

प्रचलित कानुन र अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुसार सुरक्षाकर्मीहरूलाई असिमित अधिकार प्रदान गर्ने कुनै पनि प्रावधान नभएको पृष्ठभूमिमा सनकको भरमा मौखिक आदेश मार्फत् गृहमन्त्री कमल थापाको २०६२ माघ २५ गतेको अभिव्यक्तिले उपर्युक्त गोली काण्ड गर्न सुरक्षाकर्मीहरूलाई प्रोत्साहन गरेको पाइएको छ । सरकारले सन् २००५ को अप्रील ११ मा संयूक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयसँग सम्पन्न समझदारीपत्र तथा मानव अधिकार आयोगको ६१ औं वैठकबाट पारित एजेण्डा आइटम- १९ अर्न्तगत मानव अधिकारको प्रत्याभूत गर्ने लिखित वचनबद्धतालाई यस घटनाले सोझै उल्लंघन गरेको छ । साथै उपर्युक्त समझदारीपत्र तथा एजेण्डा आइटम १९ अर्न्तगत मानव अधिकार रक्षकहरूलाई निर्वाध अनुगमन गर्न दिइने वचनबद्धताको वर्खिलाप यस घटनासँग प्रत्यक्ष सरोकार राख्ने शाही नेपाली सेनाको गण ….. समक्ष भेटघाट गर्ने अनुगमन टोलकिो आग्रहलाई माथिको आदेशानुसार भेट्न दिन नमिल्ने भन्ने मौखिक जानकारी प्राप्त हुनुले समेत यस घटनामा राज्यको बद्नियत स्पष्ट भएको छ ।

मृतक थापाका आफन्तलाई अस्पतालमा शव हेर्न समेतबाट वञ्चित गरिनु तथा शवलाई विलम्व गरी काठमाण्डौं लगिनु, मृतक थापा आबद्ध हुनुभएको राजनीतिक दललाई श्रद्धाञ्जली सभा गर्न नदिनु तथा एकैचोटी आर्यघाटमा पुर्‍याई सुरक्षा घेराभित्र दाहसंस्कार गर्न लगाइनुले स्थापित सांस्कृतिक अधिकारको समेत उल्लंघन भएको छ ।

उक्त घटनाबाट राज्यले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ मा उल्लेखित नागरिकको बाँच्न पाउने अधिकार लगायत प्रचलित संविधान तथा कानुनमा उल्लेखित मौलिक हकको सुनियोजित अपहरण भएको छ ।

यसै सन्दर्भमा माघ २९ गते मन्त्री परिषद्का उपाध्यक्ष डा. तुलसी गिरीले यस्ता गोलीकाण्डका घटना अरूपनि हुनसक्ने भन्ने आपत्तीजनक अभिव्यक्ति दिएबाट वर्तमान सरकार सुनियोजित रूपमा नागरिकको जीवनको अधिकारमाथि धावा बोल्ने खतरनाक प्रवृत्तितर्फ अग्रसर भएको संकेत देखिएको छ ।

अनुसूची :

# मानवअधिकार जोगाऔं आन्दोलन–नेपाल

मितिः २०६२।१०।२६

## प्रेस विज्ञप्ति

### शान्तिपूर्ण प्रदर्शनमा सैन्य बल प्रयोगको विरोध


शाही सरकारका गृहमन्त्री कमल थापाले निर्वाचन सम्पन्न गराइछाड्ने सन्दर्भमा गोली समेत चलाउन सकिने जानकारी सार्वजनिक गरेको भोलिपल्टै दाङको घोराहीमा निहत्था प्रदर्शनकारीउपर गोली चलाएर एमाले कार्यकर्ता उमेश थापाको हत्या गरिएको घटनाको हामी घोर भर्त्सना गर्दछौं ।

हाल बन्दी अवस्थामा रहनु भएका राष्ट्रिय सभाका पूर्वसांसद वीरबहादुर सिंहलाई ज्वाइँ उमेश थापाको अन्तिम संस्कारमा भाग लिन मुक्त गरियोस् भनी संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयलगायत मानवअधिकार संस्थाहरूले गरेको अनुरोधलाई लत्याएर सरकारले संवेदनहीनताको पराकाष्ठा प्रस्तुत गरेको छ । शान्तिपूर्ण प्रदर्शन उपर सेना प्रयोग गरी मच्याइएको रक्तपातको संयुक्त राष्ट्रसंघद्वारा छानविन गरियोस भनी हामी माग गर्दछौं । साथै यस घटनाका दोषीहरूउपर कानुनी कारवाही गर्न राज्यपक्षसँग माग गर्दछौं ।

मानवअधिकार जोगाऔं आन्दोलन-नेपालका तर्फबाट,

सुबोधराज प्याकुरेल
अध्यक्ष, इन्सेक

घटनाको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय दाङ्गको विज्ञप्ति



जिल्ला प्रशासन कार्यालय दाङ्गको विज्ञप्ती

आज २०६२ माघ २६ गते भैरहेको त्रिभुवननगर नगरपालिकाको प्रमुख/उप-प्रमुख पदको निर्वाचनका सिलसिलामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ तुल्याउने कार्यमा खटिएको संयुक्त सुरक्षा फौज र उक्त निर्वाचन विफल तुल्याउन निस्केको जुलुश विच मुठभेडको स्थिति सृजना हुन गै स्थिति नियन्त्रण गर्ने क्रममा संयुक्त सुरक्षा फौजले प्रतिकार स्वरुप चलाएको गोलीबाट दाङ्ग त्रि.न.न.पा.वडा नं. ११ निवासी वर्ष ४५ का उमेश थापाको दु:खद निधन भएकोमा स्थानीय प्रशासन गहिरो दु:ख व्यक्त गर्दछ।

यस दु:खद घडीमा मृतकका परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछु।

आज्ञाले,

०६२।१०।२६

प्रशासकीय अधिकृत

घोराही गोलिकाण्डको छानविन गर्न गठित टोलीको प्रारम्भीक
छानविन प्रतिवेदन

१- २०६२ माघ २६ गते नगर निर्वाचन वहिस्कारको सात राजनितिक दलहरुको विरोध कार्यक्रममा घोराहीमा सुरक्षाकर्मिद्वारा गरियको गोलि प्रहारको निम्त मानव अधिकार वादि संस्थाहरु संलग्न रहेको छानविन टोलिले स्थलगत अध्ययन र प्रत्यक्षदर्शिहरुको वयान समेतको आधारमा निम्न बमोजिमको प्रारम्भीक छानविन प्रतिवेदन सार्वजनि गरेको छ।

२- राजनितिक दलहरुले २६ गते दिनको १२ बजेदेखी शान्तिपुर्ण ढंगले निर्वाचन वुथ राखियका ठाउदेखी धेरै टाढा घोराहिको तुल्सिपुर चोकनेर सम्पूर्ण नगरवासीहरुलाई निर्वाचनमा मत नखसाल्न अनुरोध गरिरहेका थिए। सुरक्षाकर्मिहरुले त्यस स्थानमा ब्यापक ला. चार्ज गरि प्रदर्शनकारिहरुलाई तितर वितर पार्‍यो। त्यस पश्चा पुनः जम्मा भएको आन्दोलनकारीहरुको सानो समुह सुपरलाज रहेको हुदै फर्कदै थियो। राप्ती सुपरलज भन्दा अलिकति माथि पुगेपछि उत्तर तिरबाट सेनाकर्मि चढेको गाडी आइपुग्यो। आन्दोलनकारीहरु संयमताको प्रदर्शन गर्दै उक्त गाडीलाई बाटो छोडे। तर सेनाको गाडी अडियो र अन्धाधुन्द रुपमा गोली प्रहार गर्न शुरु गर्‍यो। गोली प्रहारबाट त्रिभुवन नगर पालिका ११ बस्ने ५१ वर्षिय उमेश थापा लाई कयौं राउन्ड गोली लाग्दा घटना स्थलमानै मृत्युहुन पुग्यो भने धर्ना गाविसका केशव गिरीलाई ३ राउण्ड गोली लागी गम्भीर घाइते बनाइयो। कयौं प्रदर्शनिकारी स्थानिय घर-कम्पाउण्डमा पुगी ज्यान बचाउन सफल भए। मृतक उमेश थापा नेकपा एमालेका र घाइते केशव गिरी नेपाली कांग्रेसका कार्यकर्ता हुनुहुन्थ्यो।

३- आन्दोलन कारी दलहरुको प्रदर्शन पूर्णरुपमा शान्तिपुर्ण थियो तर आन्दोलनकारीहरुलाई तुल्सिपुर चोकनेर सुरक्षाफौजले ब्यापक दमन गरी उत्तेजित पार्ने प्रयत्न गरेको भएतापनि आन्दोलनकारीहरुबाट हदै सम्मको संयमताको प्रदर्शन भएको थियो। तसर्थ सुपरहोलमा आन्दोलनकारीहरु लाई गोलिहान्नु पर्ने परिस्थिति उत्पन्न भएको देखीदैन गोलीप्रहार गर्नुभन्दा पहिले सुरक्षाकर्मिले कुनैपनि प्रकारको घर्न चेतावनी

(२)

वा स्थिति नियन्त्रण गर्न प्रयोग गर्न सकिने कुनै प्रकारको तुलनात्मक रूपले गैर घातक उपायहरू लाठी चार्ज, गिरफ्तारी वा हवाई फायरको प्रयोग गरेको पाइएन। तसर्थ उक्त घटनामा मानव अधिकारको गम्भीर उल्लङ्घन भएको र सुरक्षा फोर्स द्वारा हदै सम्मको ज्यादती भएको पाइएको छ।

४- यो छानविन टोली घटनाका दोषिमाथि कडा कारवाहि गरिनु पर्ने घाइतेको औषधि उपचार गरिनु पर्ने, मृतक परिवारलाई क्षतिपूर्ति दिइनु पर्ने, मृतकका छोराहरूको पढाइ लेखाइको उचित प्रवन्ध गरिनु पर्ने माग गर्दछौं।

५- यस घटना हुनुभन्दा एकदिन अगाडी गृहमन्त्रीले सुरक्षा कर्मीलाई असीमित अधिकार प्रदान गरि गोलिसमेत हान्ने अधिकार दिएकाले सो अधिकारको दुरुपयोगबाट नै यो घटना भएकोहो देखिन आएको छ।

६- घटना पश्चात रक्षा मन्त्रालय द्वारा जारी विज्ञप्तीमा उल्लेख भए अनुसार बालमन्दिर निर्वाचन बुथमा आन्दोलन कारीवाट सुरक्षाकर्मी माथि गोली प्रहार गरियपछि उक्त घटना घटेको भन्ने दावि माथि छानविन गर्ने क्रममा उक्त बुथमा पुगेका सर्वसाधारण र बुथ वरिपरिका वासिन्दा हरूसंग सोध्दा कतैवाट पनि रक्षामन्त्रालयको विज्ञप्ती पुष्टि हुन सकेन। घटना पश्चात जिल्ला प्रशासन कार्यालय दाङ र रक्षा मन्त्रालयद्वारा जारी विज्ञप्तीमा विरोधाभाष देखियको कुराले पनि रक्षा मन्त्रालयको विज्ञप्ती विश्वसनिय देखीयन। सो निर्वाचन बुथ र घटना स्थल विच्चमा करिव ८ सय मिटरको दुरी रहेको पाइयो। घटना स्थलमा गरियको अन्धा-धुन्द गोलिप्रहारवाट वरिपरिका तिनि घर हरूमा गोलि लागेको पाइयो जसवाट स्थानिय वासि अहिलेपनि सन्त्रास रहेको देखीयो।

(८) मानिसको वाच्न पाउने आधारभुत अधिकारको गम्भिर उल्लङ्घन भएको यस घटना प्रति संयुक्त राष्ट्रसंघिय मानव अधिकार लगायत राष्ट्रिय एवम अन्तराष्ट्रिय मानव अधिकार वादि संस्था

(३)

एवम राष्ट्रिय मानव अधिकार आयोग को समेत गम्भिर ध्यान आकर्षण गराउन चाहान्छौं ।

सजन गौतम
सचिव
मानव अधिकार संरक्षण मञ्च
दाङ

सुदिप गौतम
सल्लाहकार
मानव अधिकार तथा शान्ति समाज
दाङ

विमला अधिकारी
इन्सेक प्रतिनिधि दाङ

केशव कुमार शर्मा
सचिव
मानव अधिकार जागरण मञ्च
दाङ

दामोदर गौतम
केन्द्रिय सदस्य
मानव अधिकार
एलायन्स नेपाल

सुशिला गौतम
अध्यक्ष
मानव अधिकार सामाजिक तथा अनुसन्धान केन्द्र दाङ एवम
केन्द्रिय सदस्य
मानव अधिकार संचार प्रतिष्ठान
नेपाल

विकास चौधरी
आर. आर. एन
दाङ

विकिरण गौतम
अध्यक्ष
हिमालयन शान्ति तथा विकास अभियान दाङ

शिभव न्यौपाने
संस्थापक सदस्य
नेपाल मानव अधिकार संगठन
दाङ

भरत राज देवकोटा
उपाध्यक्ष
गैर सरकारी संस्था महासंघ नेपाल
दाङ

शिव कुमार थापा
सल्लाहकार
मानव अधिकार जागरण मञ्च
दाङ

पंचबहादुर के.सी. (महासचिव)
इरेड - कार्से
उकुम
के.वि. मताल (अध्यक्ष)

मिति २०६२-१०-२६

# दाङ घोराही गोलीकाण्डको वास्तविकता

१. राजाको शाही सरकारबाट राजनीतिक दलहरूको बहिष्कार एवं अस्वीकारका बावजुद माघ २६ (February 8, 2006) मा कथित नगर निर्वाचनको आयोजना गरिएको थियो । सो निर्वाचन बहिष्कारका लागि सात राजनीतिक दलहरूद्वारा बहिष्कार आन्दोलन सञ्चालन भइरहेको थियो । यस क्रममा चुनावी कार्यक्रमको प्रारम्भदेखि नै विभिन्न विरोध कार्यक्रमहरू सञ्चालन हुँदै आएका थिए । माघ २६ सम्म आइपुग्दा दाङमा मात्र चार दर्जन बढी प्रदर्शनकारीहरूलाई गिरफ्तार गरिएको र उनीहरूलाई विभिन्न यातना सहित तीन महिने र १५ दिने पूर्जी दिईएको थियो । शान्तिपूर्ण प्रदर्शनमा हस्तक्षेप गर्ने र कुटपिट गरेर कतिपयलाई घाइते बनाउने काम समेत हुँदै आएको थियो । केन्द्रीय जनआन्दोलन संयोजन समितिले पहिले नै 6, 7, 8 February का शान्तिपूर्ण कार्यक्रम सार्वजनिक गरिसकेको थियो ।

२. यसै सिलसिलामा सरकारले जबरजस्ती गराउन खोजेको औचित्यहीन निर्वाचनको दिन माघ २६ गते सात राजनीतकि दलहरूद्वारा दाङको दुवै नगरपालिका त्रिभुवननगर घोराही र तुलसीपुरमा शान्तिपूर्ण विरोध प्रदर्शन गरिएको थियो । त्रिभुवननगर घोराहीमा मतदाताहरूलाई निर्वाचन बहिष्कार गर्न आव्हान गर्दै सो दिन दिउँसो १२:३० बजेदेखि शान्तिपूर्ण विरोध प्रदर्शन शुरू भयो । सो शान्तिपूर्ण जुलुस निमा चलचित्र मन्दिर, गणेश मन्दिर, बैंक रोड, दामोदर चौक हुँदै नगर परिक्रमा गरी तुलसीपुर चोकमा आइपुग्दा प्रहरी हस्तक्षेप भयो ।

३. एकजना प्रहरी निरीक्षकको प्रत्येक्ष निर्देशनमा प्रहरीहरूद्वारा प्रदर्शनकारीहरू माथि कुटपिट गरियो । लाठी र बन्दुकको कुन्दाबाट भएको प्रहारबाट एक दर्जन बढी नेता कार्यकर्ता सख्त घाइते भए । घाइते हुनेहरूमा–

| | | |
|---|---|---|
| (क) | शालिकराम भण्डारी– | एमाले केन्द्रीय सल्लाहकार (हाँत भाँच्चिने गरी चोट पुऱ्याइएको) |
| (ख) | बमबहादुर डी.सी.– | ट्रेड युनियन काँग्रेस, के. उपाध्यक्ष (हात भाँच्चिने गरी प्रहार) |
| (ग) | सुष्मा शर्मा घिमिरे– | एमाले के. निर्वाच्न विभाग सदस्य (शरीर थिलथिलो पारेर कुटेको) |
| (घ) | रिमा नेपाली– | अ.ने.म.संघ केन्द्रीय सदस्य |
| (ङ) | देवी पोखेल– | एमाले |
| (च) | अम्बिका पोखेल– | ,, |
| (छ) | मान ब. बाठा– | एमाले, रोल्पा |
| (ज) | लिला शाह– | ,, |
| (झ) | सरस्वती गौतम– | ,, |
| (ञ) | पुष्पा श्रेष्ठ– | नेपाल महिला संघ |
| (ट) | जगगुलाल चौधरी– | अनेकिसंघ |
| (ठ) | अनिता देवकोटा– | नेपाल महिला संघ |
| (ड) | दिपक पोखरेल | |
| (ढ) | जितेन्द्रमान नेपाली | |
| (ण) | कृष्ण गिरी | नेपाली काँग्रेस (गोली लागि गंभिर घाईते) |
| (त) | कृष्णप्रसाद सुवेदी– | क्षेत्रीय सचिव क्षेत्र नं. २, ने.का. |
| (थ) | वासुदेव जंगली– | क्षेत्रीय सभापति क्षेत्र नं. १, ने.का. |
| (द) | जोगराज शर्मा– | क्षेत्रीय प्रतिनिधि, ने.का. |
| (ध) | रमेशकुमार पाण्डे– | नेविसंघ |

४. तुलसीपुर चोकमा भएको लाठीचार्जपछि प्रदर्शनकारीहरू तितरबितर भए । त्यसपछि उनीहरू फेरि संगठित भएर युगबोध नजिक सुपरलज चोकमा जम्मा भए । त्यसरी जम्मा भएका प्रदर्शनकारीहरूले कोणसभा गरे । कोणसभा समाप्त हुन लागिरहेको समयमा सुपरलजदेखि माथि उत्तरतिरबाट दुईवटा गाडीहरू कोणसभा स्थलतर्फ आए । अगाडि रातो जीप र त्यसपछि सेनाको ट्रक थियो । गाडी आएपछि प्रदर्शनकारीहरू बाटो छोड्ने गरी साइड लागे । तर रातो गाडी बीचबाट उत्तरतिर ब्याक भयो । त्यस रातो गाडीमा एकजना प्रहरी इन्स्पेक्टर, कथित नगर निर्वाचनमा मेयर उम्मेदवार बलिभद्र राना र अन्य केही व्यक्ति थिए । मेयरका उमेदवारले शाही सेनालाई केही इशारा गरेको कुरा प्रत्यक्षदर्शीहरूले बताउँछन् ।

५. त्यसै सममाय १:३० बजेको समयमा शाही सेनातर्फबाट 'ठोक सालेलाई' 'ठोक' भन्ने आवाज आयो । 'ठोक न' भन्ने तेस्रो आवाजसँगै स्वचालित हतियारबाट फायर गरियो । अन्धाधुन्ध, जथाभावी दर्जनौं राउण्ड गोली चलाउने काम शाही सेनाले गऱ्यो । उनीहरूले मान्छेहरूतिर ताकेर हानेका गोलीहरूमध्ये दुईवटा गोली त्रि.न.न.पा.-११ निवासी एमाले कार्यकर्ता (जिल्ला परिषद् सदस्य) उमेशचन्द्र थापाको पेट र पिठ्युमा लागेर उहाँ ढल्नु भयो । घटनास्थलमै उहाँको मृत्यु भयो । तीन वटा गोली नेका क्षेत्र नं. २ का क्षेत्रीय सदस्य धर्ना निवासी कृष्ण गिरीका दुई खुट्टा र करङमा लाग्यो । गोली लागेर ढलेका थापालाई सेनाले लतार्दै लिएर गाडीमा फाल्यो । त्यसबीच पनि गोली प्रहार भइरह्यो । अन्य प्रदर्शनकारीहरू भागेर बचे । भानसिंह डाँगी र विदुषी पाण्डे समेतका स्थानीय घर कम्पाउण्डभित्र लुकेर ज्यान बचाए । घटनास्थल वरपरका घरमा भित्ता, सटर र आसपासमा गोलीका प्वालहरू अहिले पनि छन् ।

६. आन्दोलनकारीहरू दलहरूको प्रदर्शन पूर्णरूपमा शान्तिपूर्ण थियो । तुलसीपुर चोकमा सुरक्षाफौजले व्यापक दमन गरेर उनीहरूलाई उत्तेजित पार्ने प्रयत्न गरिए पनि आन्दोलनकारीहरूबाट हदैसम्मको संयमता प्रदर्शन गरिएको थियो । युगबोध अगाडीको सुपरलज चोकसम्म आइपुग्दा प्रदर्शनकारीहरूको संख्या पनि निकै कम भइसकेको थियो । त्यसकारण त्यहाँ आन्दोलनकारीहरू माथि गोली प्रहार गर्नुपर्ने कुनै परिस्थिति थिएन ।

७. गोली प्रहार अन्तिम अवस्थामा मात्र गरिन्छ । गोली हान्नु पूर्व कुनै पनि प्रकारको पूर्व चेतावनी र स्थिति नियन्त्रण गर्न प्रयोग गरिने कुनै प्रकारको तुलनात्मक रूपले गैर-घातक उपायहरू जस्तै, माइकिङ, लाठीचार्ज, पानीको फोहरा, अश्रुग्याँस, गिरफ्तारी, हवाइ फायर आदि प्रयोग गरिएन । यद्यपि स्थिति नियन्त्रण बाहिर छँदै थिएन । त्यसकारण सो घटनामा मानव अधिकारको ठाडो उल्लंघन भएको, सेनाबाट आमहत्याको आशयले गोली प्रहार गरेको, सेनाबाट हदैसम्मको ज्यादती भएको र जेनेभा कन्भेन्सनको पूरै उल्लंघन भएको छ ।

८. घटनाको अघिल्लो दिन गृहमन्त्री कमल थापाद्वारा सुरक्षा फौजले गोली समेत हान्न सक्ने आदेश दिने र घोराही गोलीकाण्डको समयमा कथित मेयर उमेदवार बलिभद्र राना घटनास्थल उपस्थित भएर दिर्नेशन दिनुले घटना सुनियोजित भएको पुष्टि हुन्छ ।

९. घटनापूर्व २५ माघ साँझदेखि दाङमा टेलिफोन सेवा अवरूद्ध गरिएको थियो । सो सेवा २७ गते बिहान ९ वजेमात्र सञ्चालनमा आयो । त्यसकारण २६ गतेको घटनाबारे केही पनि सूचना सम्प्रेषण हुन पाएन । टेलिफोन अबरूद्ध गर्नु पनि सरकारको षडयन्त्रमुलक काम नै थियो ।

१०. घटनाका बारेमा रक्षा मन्त्रालय र जिल्ला प्रशासन कार्यालयबाट आपसमा विरोधाभाषी (Contradictory) विज्ञप्तिहरू आए । जिल्ला प्रशासनले प्रदर्शनकारी र सुरक्षाफौजबीच भएको भिडन्तमा एक

प्रदर्शनकारीहरूको ज्यान गएको र त्यसमा दु:ख व्यक्त गरेको छ । उता रक्षा मन्त्रालयले 'त्रिभुवननगर वडा नं. १० को मतदान केन्द्र बालमन्दिरमा निर्वाचन बिथोल्ने उद्देश्यले उत्तेजक नारा लगाउँदै करिब १५० जनाको भिड आएको, सो भिडबाट गोली चलाउँदा एक सुरक्षाकर्मी घाइते भएको हुँदा त्यसको प्रतिकारमा सुरक्षा कार्वाही गर्दा दुई जना घाइते भएको र उपचारका क्रममा एकको मृत्यु भएको र ढुंगामुढा गरेको' कपोलकल्पित विज्ञप्ति जारी गऱ्यो । रक्षा मन्त्रालयको दावी सतप्रतिशत झुठो छ । यसरी शाही सेनाको कर्तुत र अपराधी प्रवृत्ति लुकाउने असफल प्रयास भएको छ ।

११. रक्षा मन्त्रालयको उपरोक्त दावी झुटो हो भन्ने सावित गर्ने आधारहरू यसप्रकार छन् ।

- प्रदर्शनकारीहरू बालमन्दिरको बुथमा निर्वाचन विथोल्न गएकै छैनन् ।
- प्रदर्शनकारीहरूबाट गोली चलाइएको दावी पूरै झुठो छ । उनीहरूले गोली चलाएको भन्ने कुरा पत्याउनै सकिदैन । गोली चलाउने त के प्रदर्शनकारीहरूसँग एउटा लाठी समेत थिएन ।
- गोलीबाट घाइते भएका भनिएका सुरक्षाकर्मी को हुन् ? उनलाई गोली लागेको कुराको जाँच हुनुपर्छ, अनि यथार्थ पुष्टि हुन्छ ।
- प्रदर्शनकारीहरूले उत्तेजक नारा समेत लगाएका थिएनन् ।
- चुनाव विथोल्न गएको भनिएको बालमन्दिर बुथ र सेनाले गोली हानेको घटनास्थलबीच करिब १ किलोमिटर दूरीको अन्तर छ । बीचमा केही घर र पसलहरू समेत छन् ।
- बुथ आसपास र घटनास्थल आसपासका सर्वसाधारण र प्रत्यक्षदर्शीसँग बुझ्दा पनि यथार्थ थाहा हुन सक्छ ।

## हाम्रा मागहरू :-

१. दाङ घोराही हत्याकाण्डको निष्पक्ष र न्यायिक छानबीन हुनुपर्छ, सो छानबीन पश्चात् तत्काल वास्तविकता सार्वजनिक हुनुपर्छ ।

२. छानबीनपछि हत्याको आदेश दिने व्यक्ति, गोली चलाएर निर्दोष व्यक्तिको हत्या गर्ने र घाइते बनाउने सेना तथा त्यसका मतियारलाई कडा कार्वाही हुनु पर्दछ ।

३. घटनाबारे झुठो कुरा गर्ने रक्षा मन्त्रालयले सार्वजनिक माफी माग्नु पर्दछ ।

४. मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिइनुपर्दछ ।

५. परिवारको कमाउ एवं पेशाकर्मी व्यक्ति र अभिभावकको हत्या भएपछि निजका बालबालिकाको लालनपालन र पठनपाठनको उचित व्यवस्था हुनुपर्छ ।

६. घाइतेहरूको उपचारको व्यवस्था गरिनुपर्दछ ।

७. अपांग भएर पेशा व्यवसाय गर्न नसक्नेका परिवारलाई क्षतिपूर्ति दिनुपर्छ र बालबालिकाहरूको लालनपालन र पठपाठनको व्यवस्था गरिनुपर्छ ।

(मोहन लाल ...)
सभापति
नेपाली कांग्रेस (प्रजातान्त्रिक)

महेन्द्र ...
...नेपाल
तुलसा ...

# प्रेस विज्ञप्ति

आदरणीय पत्रकार वन्धुहरु !

मुलुक लोकतान्त्रिक आन्दोलनको उभारमा आइपुगेको छ । हत्या, हिंसा र आतंकका भरमा शाही सरकारले निरंकुश
शासन सञ्चालन गर्न खोजिरहेका राजाले माघ २६ गते कथित नगर निर्वाचनको नाटक मञ्चन गरेका छन् । देशका
जनआधारित ठूला राजनीतिक पार्टीहरुलाई विस्थापित गर्ने अभिप्रायले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समुदायलाई भ्रममा पार्ने कोसिस
गर्दै असंवैधानिक सरकार सञ्चालन गरिरहेका छन् । चार महिनासम्म नेकपा (माओवादी) ले युद्धविराम गर्दा समेत राजा
ज्ञानेन्द्रले सरकारका तर्फबाट युद्धविराम गर्नु त कता हो कता पुनः युद्धविरामलाई भंग गर्ने र युद्धविराम भड्काउने काम गरेका
छन् र युद्ध अपराधीको भूमिका निर्वाह गरिरहेका छन् । कथित शान्ति र प्रजातन्त्रको वकालत गर्ने राजा ज्ञानेन्द्रले युद्ध सामग्रीको
खरीद कार्यमा विश्वास गरेर पैसाको कमिशनमा लागेको पुष्टि भएको छ ।

हिजो माघ २६ गते त्रि.न.न.पा. घोराहीमा सात राजनीतिक दलले कथित नगर निर्वाचन बहिष्कारको कार्यक्रम असफल
पार्न शान्तिपूर्ण विरोध जुलुस प्रदर्शन गरिरहेका थिए । त्यस क्रममा नगर परिक्रमा गर्दै घोराहीको तुलसीपुरचोकमा पुग्दा
अन्धाधुन्ध रुपमा प्रहरीले हस्तक्षेप गरी थुप्रै आन्दोलनकारीलाई लाठीचार्ज तथा बन्दुकका कुण्डाले हानी घाइते बनाए । प्रहरीको
हस्तक्षेपले तितरबितर भएको अवस्थामा सुपरलजचोकमा कोणसभा सकिने अवस्थामा दक्षिणतिर गइरहनुभएका आदरणीय
उमेशचन्द्र थापा र केही आन्दोलनकारी साथीहरुमाथि एक्कासी ट्रकमा आएको शाही सेनाबाट बिनाचेतावनी ताकेर गोली हान्ने
काम भएको छ । सेनाको गोली लागी नेकपा (एमाले) जिल्ला परिषद् सदस्य क. उमेशचन्द्र थापाको घटनास्थलमा नै निधन हुन
गयो र नेपाली कांग्रेसका क्षेत्रीय सदस्य कृष्ण गिरी गम्भीर घाइते बन्नुभएको छ र दर्जनौं साथीहरु पनि घाइते हुनुभएको छ ।
जबर्जस्ती बिना चेतावनी गोली हान्न आदेश दिने सरकारी अधिकारी, गोली हान्ने शाही सेना, गोली हान्न संकेत गर्नेलाई तत्काल
कारवाही गर्न जोड्दार माग गर्दछौं । हत्यारा सरकारद्वारा मारिनुभएका लोकतान्त्रिक आन्दोलनका प्रथम शहीद क. उमेशचन्द्र
थापाप्रति गह्रौं हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र शोकसन्तप्त परिवारजन, पार्टी पंक्ति एवं सम्पूर्ण शोकसन्तप्त आन्दोलनकारी
मित्रहरुमा हार्दिक समवेदना व्यक्त गर्दछौं । शाही सेनाको गोली लागी घाइते हुनुभएका कृष्ण गिरीलगायत दर्जनौं घाइतेको शीघ्र
स्वास्थ्यलाभको कामना गर्दछौं ।

अन्त्यमा राजा ज्ञानेन्द्रको वर्तमान सरकार नाङ्गो रुपले हत्यारो सरकार प्रमाणित भएको छ । आज एक होनहार योद्धा
क. उमेशचन्द्र थापाको हत्याले सिंगो देश आक्रोशित बनिरहेको छ । यो हत्या सिंगो लोकतन्त्रवादीहरुको निम्ति चुनौती बनेको
छ र यसको सामना गरेर राजाको निरंकुश शासनलाई अन्त्य गरी लोकतान्त्रिक राज्य व्यवस्था निर्माण गर्ने बाटो फराकिलो
भएको छ । राजा ज्ञानेन्द्रको कालरात्रिको आयु छोटिदै गएको छ र यसबेला लोकतान्त्रिक आन्दोलनका प्रथम शहीद क.
उमेशचन्द्र थापाको सुनौलो नेपाल निर्माण गर्ने बाटोमा अग्रसर हुन र आन्दोलनमा सहभागी हुन सम्पूर्ण जनसमुदायमा हार्दिक
आव्हान गर्दछौं ।

*संयुक्त जनआन्दोलन समिति*
*दाङ*

# नागरिक समाज, दाङ

## क्षेत्र नं. ३

नागरिक समाज, दाङ
क्षेत्र नं. ३, २०६२

पत्र संख्या :-
चलानी नं. :-

मिति :-२०६२ माघ २६

विषय :- प्रेस विज्ञप्ति

श्री गोरखापत्र दैनिक

सामन्ती अधिनायकवादीहरूले, शान्तिपूर्वक विरोध गर्न पाउने जनताको लोकतान्त्रिक अधिकारको धज्जि उडाउँदै माघ २६ गते घोराहीमा सुरक्षाकर्मीको गोलि प्रहार बाट अतिमिलनसार उमेश थापाको मृत्यु हुन गयो भने कृष्ण गिरी घाइते हुनु भएकोछ। यस्तो अमानविय व्यवहारको घोर विरोध र भर्त्सना गर्दै जनतालाइ उत्तेजित नबनाउन चेतावनि दिन्छ। साथै सम्पुर्ण वन्दिहरूको रिहाइको माग गर्दै लोकतान्त्रिक आन्दोलनमा निरन्तर सहभागि जनाउन सम्पुर्ण न्यायप्रेमि, लोकतान्त्रिक जन समुदायमा हार्दिक अपिल गर्दछ। घाइतेको उपचार र मृतकका परिवारलाइ तुरुन्त क्षतिपुर्ति दिन अपिल गर्दछ।

संयोजक
डिल्लिबहादुर रावत